# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल ।

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका लागि संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने वारे अत्यन्त जरुरी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७७।१०।२९)**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७७/०७८ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत् सार्वजनिक सुनुवाई कार्यक्रम, उक्त क्षेत्रमा आवद्ध ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका गैर सरकारी संस्था वा परामर्शदाता संस्थाहरुबाट सेवा खरिद मार्फत् सञ्चालन गर्नुपर्ने भएकोले प्रस्ताव पेश गर्नका लागि तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक विषय उल्लेख गरि (तल उल्लेखित बजेट रकमको थप १०( दश) प्रतिशत लागत सहभागिता) एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | उपमहानगरपालिकाको बजेट | संस्थाको सहभागिता | कूल कार्यक्रम बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | १,५०,०००।- | १५,०००।- (थप दश प्रतिशत) | १,६५,०००।- |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र, (३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, ( ४) आ.व.२०७६।०७७ सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्वन्धि प्रमाणपत्र, (७) उप-महानगरपालिकामा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको हुनुपर्नेछ, (१०) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनुपर्नेछ, (११) कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ, (१२) प्रस्तावको प्रत्येक पानामा पेश गर्ने संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र छाप लागेको हुनुपर्नेछ, (१३) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०७७ साल फागुन १३ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१४) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१५) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५२३६४१/५२०३१६ वा सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिका कार्यालय नेपालगञ्ज

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०७७/०७८ का लागि स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रमको प्रस्तावना पेश गर्दा ध्यानदिनुपर्ने कार्यक्षेत्रगत शर्त (TOR)**

**यस उपमहानगरपालिकाले चालू आ.व. २०७७/०७८ मा स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रमहरु गैर सरकारी संस्था वा परामर्शदाता संस्थाहरुबाट मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक छनौट गरी सेवा खरिद गर्नुपर्ने भएकोले देहायका विषयवस्तुहरुका साथै अन्य सान्दर्भिक विधिहरु समेत उल्लेख गरि प्रस्तावना पेश गर्नहुन अनुरोध छ।**

**१. कार्यक्रमको पृष्ठभूमी :** नगर कार्यपालिकाको कार्यालयबाट प्रस्ताव माग गरेको कार्यक्रमको वारेमा स्पष्ट उल्लेख गर्नुहोस्।

**२. कार्यक्रमको उद्देश्य :**

- उपमहानगरपालिकाको काम कारबाही बारे उपमहानगरबासिहरुलाई जानकारी गराउने।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने।
- उपमहानगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने
- अर्धवार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने।

**३. कार्यक्षेत्र :** नेपालगञ्ज उपमहानगरपालिका।

**४. कार्यक्रमको नाम, संचालन गर्ने विधि** : प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई सम्बन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसंगको विभिन्न विधिबाट नमूना संकलन, बहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र उपमहानगरपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ।

**५. प्रस्ताव तयार गर्दा देहायका विषयमा समेत ध्यान दिनुपर्नेछ :**

१. संस्थाको अत्यन्त छोटो परिचय २. संस्थागत अनुभव र क्षमता ३. मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव ४. कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता ५. कार्यालय भवन तथा भौतिक सामाग्री ६. व्यवस्थापकिय क्षमता।

**७ संस्थाको साझेदारी :** उपमहानगरपालिकाबाट विनियोजित बजेट रकम रु एकलाख पचासहजारको १० प्रतिशत।

**८. कार्य योजना:** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना।

**९. अनुगमन तथा मूल्याङ्कन विधी:** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने।

**१०. प्रतिवेदन :** कार्यक्रमको प्रतिवेदन पेश गर्दा अघिल्लो कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने वारेमा संस्थाको धारण उल्लेख गरिएको हुनुपर्नेछ।

**११. प्रारम्भिक आशय छनौट**

(१) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन्। उक्त शर्त पुरा गरे बापत कुनै अंक पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन्।

**१२. प्राविधिक तथा आर्थिक प्रस्तावः** प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग नगरि एकैसाथ पेश गर्नुपर्नेछ । प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ । कार्यक्रमको विस्तृत लागत अनुमानमा सहभागीहरुलाई भत्ता दिने गरि पेश गरिएको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछैन ।

**१३.. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ८० र आर्थिक प्रस्तावको अंक २० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

**१४. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।*

**नोट :** *प्रस्तुत शिर्षक अन्तर्गत् रही प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ ।*